# जोशीपुर सिंचाई कुलो, बल्यो बिपन्नको घरमा चुल्हो

सुदुरपश्चिम प्रदेशका ९ जिल्लाहरु मध्ये तराई क्षेत्रमा पर्ने कैलाली जिल्ला पनि एक हो । जोशीपुर गाउँपालिका सुदुरपश्चिम प्रदेश सेती अञ्चल अन्तर्गत कैलाली जिल्ला क्षेत्र नं १ मा पर्दछ । यो गाउँपालिकामा साविकका जोशीपुर र बौनिया गरी २ वटा गा.वि.स. समाबेश गरी ७ वटा वडा कायम गरिएको छ । कैलाली जिल्लाको दक्षिण भागमा अवस्थित यो गाउँपालिकाको पूर्वमा लम्की चुहा र टीकापुर नगरपालिका र जानकी गाउँपालिका रहेका छन् भने पश्चिममा घोडाघोडी नगरपालिका र भजनी नगरपालिका रहेका छन् । यसै गरि उत्तरमा बर्दगोरिया गाउँपालिका तथा दक्षिणमा भजनी नगरपालिका संग जोडीएको छ । यो गाउँपालिकाको कुल क्षेत्रफल ६५.५७ वर्ग कि.मि. रहेको छ । जिल्ला सदरमुकाम देखि १०० कि.मि. दुरीमा रहेको यो गाउँपालिका अन्न तथा धान बालीको उत्पादनको लागि कैलाली जिल्लाको राम्रो गाउँपालिकामा पर्दछ । समुद्रसतह बाट न्यूनतम १४८ मिटर देखि अधिकतम १६२ मिटर उचाई सम्म भू-धरातल रहेको यस गाउँपालिकाको लगभग आधा भू-भाग वन क्षेत्र तथा बुट्यानले भरिएको पाइन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ३६४५९ रहेको छ । जसमध्ये १८६२५ महिलाको संख्या छ भने १७८३४ पुरुष रहेका छन् । मुख्य जातिका रुपमा थारु, क्षेत्री, ब्राम्हण तथा दलितहरुको बसोबास रहेको छ ।



नेपाल कृषि प्रधान देश हो । यहाँ अधिकांश मानिसहरु कृषिमा निर्भर रहेका छन । यस गाउँपालिकाका मानिसहरु पनि कृषि पेशाबाट अछुतो रहन सकेका छैनन् । कृषि योग्य जमिन अध्याधिक रहेकाले यहाँ मुख्य आम्दानीको श्रोत पनि कृषि नै रहेको छ । हावापानी तथा जलवायुमा भएको परिवर्तनले समयमा वर्षा हुने निश्चित हुदैन् । यसले कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न उल्लेख्य सहयोग गर्नेछ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न सिंचाईको वैकल्पिक उपायको रुपमा रहेको कुलोको मर्मत तथा सरसफाई गरी कृषि क्षेत्रको उत्पादन बढाउनु पर्ने देखिन्छ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सिंचाइ पूर्वाधारको समय सापेक्ष विकास, विस्तार, मर्मत सम्भार तथा सरसफाई गर्नु आवश्यक रहेको छ । त्यसैले कुलो मर्मत तथा सरसफाई आयोजनाको छनौट गरिएको थियो ।

कृषिबाट नै जीविकोपार्जन हुने भएकोले सिंचाई कुलोको मर्मत सम्भार गरि कुलोलाई जीवन्त बनाई राख्नु अति जरुरी हुन्छ ।त्यसैले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत जोशीपुर गाउँपालिका वडा नं १ मा संचालित बग्रा कुलो थौरा सम्म सिचाई कुलो मर्मत आयोजना संचलान गरिएको थियो । यस आयोजनामा १५ जना बेरोजगार व्यक्तिहरु संलग्न रहेका थिए । यस आयोजनाको लम्बाई १५६० मिटरको रहेको थियो । कुल लागत रकम पाँच लाख अन्ठानब्बे हजार सात सय बाउन्न रुपैया नब्बे पैसा रहेको यो आयोजनाको काम ५९ दिनसम्म सञ्चालन भई सम्पन्न भएको थियो ।





बग्रा कुलो थौरा सम्म सिचाई कुलो मर्मत आयोजना संचालन भए पश्चात त्यहाँका समुदायलाई सिचाइका लागि सहज भएको छ । हरेक बर्ष बर्षातको समयमा पानीको मात्रा बढी हुदा घरमा पानी पस्ने समस्याले आजित भएका पारिवारलाई यो आयोजना संचालन भए पछि पानी डाइभर्सन गर्न सहज भएको छ । यस सिचाई मर्मत आयोजना सुचारु भए पश्चात समुदायमा बाढी आउने समस्याबाट पनि छुटकारा पाउने भएको छ । कुलो मर्मतले कृषकहरुलाई कृषि कार्य गर्न सहज हुने भएको छ, जसको परिणाम स्वरुप कृषि कार्यमा युवाहरुको आकर्षण समेत बढने देखिन्छ । यसले आन्तरिक रोजगारीका अवसरमा वृद्धि हुने र बढदो बेरोजगारीको समस्यामा केहि हदसम्म भए पनि कमी आउने देखिन्छ । सिचाई गर्दा बजारमा उपलब्ध पलास्टिक पाइप प्रयोग गर्ने समस्या बाट पनि मुक्ति मिलेको छ भने प्लाष्टिकजन्य प्रदुषणलाई रोक्न समेत सहयोग पुग्नेछ ।



युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत यस वडामा सञ्चालन भएका कुलो मर्मत तथा सरसफाई आयोजनाका मुख्य उपलब्धीहरुमा कुलोको पेटीमा भएको झारपातहरुको सरसफाई भएको, कुलोको पेटीमा पानी बग्न अवरोध गर्ने खाल्डाखुल्डी मर्मत भएको, कुलोको पेटी तथा किनारलाई एक सतहमा बनाउने काम भएको छ । आयोजनाबाट लाभान्वित हुने समुदायका मानिसहरु कृषिमा आश्रित रहनुका साथै रोजगारीको खोजीमा छिमेकी राष्ट्र भारतको शहरहरुमा जाने र केहि व्यक्ति बैदेशिक रोजगारीमा जाने गरेका छन । बेरोजगारीको दर बढी रहेका बेला प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाबाट रोजगारी सृजना भइ यस समुदायका अति बिपन्न, पिछडिएका समुदाय, एकल महिला र जो घर बाहिर काम गर्न पनि जान नसक्ने अवस्थाका व्यक्तिका लागि रोजगार कार्यक्रम बरदान साबित भएको छ । न्यूनतम रोजगारी सिर्जनाले एकातिर अति बिपन्न परिवारलाई सामाजिक संरक्षण भएको छ भने अर्कोतिर काम प्रति श्रमको सम्मान गर्ने भावानाको पनि बिकास हुदै गएको छ ।

शुसीला देउबा
(रोजगार संयोजक)
जोशीपुर गाउँपालिका, जोशीपुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल